प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७९/०८० मा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षाको लागि पूर्ण शूल्कीय तर्फको आवेदन फाराम भर्ने म्याद थप गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७९।०४।२६ गते)

उपर्युक्त सम्वन्धमा यस परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक शत्र २०७९/०८० का लागि परिषद्का आंगिक, साझेदारी, टेक्स तथा निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त शिक्षण संस्थाहरुमा डिप्लोमा/प्रमाणपत्र तहका **स्वास्थ्य कार्यक्रम** र **स्वास्थ्य बाहेकका कार्यकमहरुमा** मिति २०७९।०४।१२ गतेको गोरखापत्र राष्ट्रिय दैनिक तथा www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार डिप्लोमा/प्रमाणपत्र तहको पुर्ण शुल्कीय तर्फको आवेदन फाराम भर्ने अन्तिम मिति २०७९।०४।२६ गते बिहीवार सम्म तोकिएकोमा शिक्षालयहरुमा न्यून संख्यामा आवेदनहरु प्राप्त भएको कारण शिक्षालयहरुबाट आवेदन फाराम भर्ने म्याद थप गरिदिन अनुरोध भएकोले देहाय बमोजिम अन्तिम मिति कायम हुने र मिति २०७९।०४।१२ गते प्रकाशित सूचनाका सम्पुर्ण शर्तहरु लागू हुने गरी मिति २०७९।०४।२६ गतेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का उपाध्यक्षस्तरीय निर्णयानुसार आवेदन फाराम भर्ने म्याद थप गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. डिप्लोमा/प्रमाणपत्र तहको पुर्ण शुल्कीय तर्फको **आवेदन फाराम भर्ने अन्तिम मिति २०७९।०५।०९ गते** विहीवार सम्म ।
२. शिक्षालयहरुले **शुल्क बापतको रकम बुझाउने अन्तिम मिति २०७९ भाद्र १० गते शुक्रवार कार्यालय समय भित्र ।**
३. परीक्षार्थीले भरेका आवेदन फारामहरु सम्वन्धित **शिक्षण संस्थाहरुले २०७९ भाद्र ११ गते शनिवार सम्म** परिषद्, प.नि.का बाट उपलव्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा Submit गरी सक्नुपर्नेछ । परीक्षार्थीले भरेको आवेदन फाराम सम्बन्धित शिक्षण संस्थाले तोकिएको मिति भित्र Online ITMS मा Submit नभएमा सो आवेदन फाराम स्वीकृत हुने छैन र त्यस्ता परीक्षार्थीलाई योग्यताक्रमको सूचीमा समावेस गरिने छैन । सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्था हुनेछ ।
४. प्रवेश परीक्षा हुने मिति : २०७९।०५।१७ गते शुक्रवार दिउंसो ३:०० बजे
५. परीक्षा केन्द्रः स्वास्थ्य बाहेकका कार्यक्रमहरुमा सम्वन्धित शिक्षालयहरुमा र स्वास्थ्य कार्यक्रमहरुको परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ ।
६. शैक्षिक शत्र २०७९/०८० मा पहिलो पटक परिषद्बाट सम्वन्धन/स्वीकृत पाई कार्यक्रम संचालन गर्न आवेदन फाराम भराउने शिक्षणसंस्थाहरुले ITMS मा आवेदन फाराम भर्नका लागि कार्यालयको आधिकारीक पत्र info@ctevtexam.org.np मा पठाई Username र Password प्राप्त गर्न सकिनेछ । उक्त पत्रमा प्राचार्यको नाम, मोबाइल नं र इमेल अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**